"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

𑐣𑐩𑑀𑐧𑐸𑐡𑑂𑐢 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८३/०८४
चलानी नं. : 630

मितिः २०८३/०६/२८
ने.सं. ११४६ कौलाथ्व

## रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको विवरण सूचीकृत गर्न निवेदन दिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२८)

मिति २०८३ साल भाद्र १० गते गएको रसुवा भोटेकोशी बाढीमा परी यस नमोबुद्ध नगरपालिका क्षेत्रभित्र स्थायी ठेगाना भएका कुनै व्यक्ति बेपत्ता भएको भए सम्बन्धित व्यक्तिका एकाघरका परिवारका सदस्यले यस सूचनासँग संलग्न ढाँचाको निवेदन र स्वघोषणा सहित सम्बन्धित वडा कार्यालयमा ५ (पाँच) दिनभित्र बुझाउनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सोसँग सम्बन्धित प्रकृया, निवेदनको ढाँचा र स्वघोषणाको ढाँचा यसै सूचना साथ संलग्न राखिएको बेहोरा समेत जानकारी गराईन्छ।

..................................
(सुषमा महता के.सी.)
प्रमुख प्रशासकीय अधिकृत

URL: www.namobuddhamun.gov.np, Email: info@namobuddhamun.gov.np, namobuddhamun@gmail.com, Facebook Page: www.fb.com/hellonamobuddhamun

# रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८३।०६।१४ गतेको ३७ औं बैठकको निर्णय नं. ३ मा **बाढीमा परी बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा बेपत्ता भएका व्यक्तिको स्थायी ठेगाना रहेका सम्बन्धित स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले प्रमाणित गरी सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पेश गर्ने, उक्त समितिले सिफारिस गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने र सो सम्बन्धी आवश्यक प्रकृया प्राधिकरणले निर्धारण गरे बमोजिम हुने** निर्णय भएकोले सो को विस्तृत प्रक्रिया देहाय बमोजिम निर्धारण गरिएको छ।

(क) <u>नेपाली नागरिकको हकमा</u>

१. सम्बन्धित स्थानीय तहले बेपत्ता व्यक्ति यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न आह्वान गरी बढीमा पाँच दिन समयावधी तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने।

२. प्रकाशित सूचना बमोजिम बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषणासहित सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिने।

३. बेपत्ता भएका व्यक्तिको एकाघर परिवारका सदस्य नभएकाको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने।

४. वडा समितिले प्राप्त निवेदनको जाँचबुझ गरी बेपत्ता यकिन गर्न स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा तुरुन्त सिफारिस गर्ने।

५. वडा समितिबाट सिफारिससाथ प्राप्त भएका बेपत्ता व्यक्तिहरुको विवरण जाँचबुझ गरी सम्बन्धित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बेपत्ता यकिन गर्ने।

६. यकिन भएका बेपत्ता व्यक्तिको विवरण सम्बन्धित स्थानीय तहले दावी विरोधका लागि तीन दिनको म्याद दिई सार्वजनिक गर्ने।

७. सार्वजनिक गरिएको विवरणमा कसैको दावी विरोध परेमा सम्बन्धित स्थानीय तहले तीन दिनभित्र जाँचबुझ गरी अन्तिम यकिन विवरण सम्बन्धित वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

८. सम्बन्धित जिल्ला प्रशासन कार्यालयले पाँच दिनभित्र जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित यकिन भएका बेपत्ता व्यक्तिहरुको विवरण प्राधिकरण र प्रदेशको विपद् हेर्ने मन्त्रालयमा पठाउने।

(ख) <u>विदेशी नागरिकको हकमा</u>

१. प्राधिकरणमा हालसम्म संकलन भएका बेपत्ता/सम्पर्कविहीन भएका विदेशी नागरिकहरुको विवरण प्राधिकरणले गृह मन्त्रालय मार्फत परराष्ट्र मन्त्रालयमा पठाउने।

२. परराष्ट्र मन्त्रालयले उक्त विवरण सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगमा पठाउने।

३. सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगहरुले उपलब्ध विवरण र सो सूचीमा थपघट भए सो समेत यकिन गरी अन्तिम बेपत्ताको सूची तोकिएको ढाँचामा प्रमाणित गरी परराष्ट्र मन्त्रालयमा पठाउने।

४. परराष्ट्र मन्त्रालयले सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगहरुबाट प्रमाणित भई आएको अन्तिम बेपत्ताको विवरण गृह मन्त्रालय मार्फत प्राधिकरणमा पठाउने।

५. सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगबाट परराष्ट्र मन्त्रालय हुँदै गृह मन्त्रालयबाट प्राधिकरणमा यकिन भई आएको विवरण प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा पेश गर्ने।

६. बेपत्ता भएका व्यक्तिको मृत्युको घोषणाका लागि प्राधिकरणले कार्यकारी समितिको निर्णयसहित गृह मन्त्रालयमा पठाउने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख

## निवेदनको ढाँचा

मितिः...../....../....

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यालय,
..................................पालिका।

### विषयः बेपत्ता कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा...............प्रदेश ............जिल्ला......................पालिका........नं.वडा स्थायी ठेगाना भएका ..................................................को नाती /नातिनी /बुहारी, ..........................................................................को छोरा /छोरी /बुहारी वर्ष...............को श्री ............................................................. मिति २०८३-०५-१० गते ..........................................स्थानमा ...................................................प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

**संलग्न कागजातहरू**

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## स्वघोषणाको ढाँचा

मितिः ...../....../......

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय,
...................................पालिका

**विषयः स्वघोषणा ।**

रसुवा भोटेकोशी बाढीमा परी..................प्रदेश .........................जिल्ला...................................पालिका........नं. वडा स्थायी ठेगाना भएका ..........................................................को नाति /नातिनी /बुहारी, ..................................................................को छोरा /छोरी /बुहारी वर्ष............को मेरो ......................नाता पर्ने श्री ...............................................................मिति २०८३-०५-१० गते ......................................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक

(नाम र सहीछाप)

| दायाँ | बायाँ |
| --- | --- |
| | |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख

## निवेदनको ढाँचा

श्री वडा अध्यक्षज्यू, मितिः ............/........./......

............ वडा समितिको कार्यालय,

........................ गाउँपालिका/नगरपालिका।

**विषयः बेपत्ता कायम गरी पाउँ।**

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा................ प्रदेश ...................जिल्ला....................पालिका......... नं. वडा स्थायी ठेगाना भएका ................ ...... ....... ......को नाती/नातिनी/बुहारी,................ ........... ......को छोरा/छोरी/बुहारी वर्ष..... को श्री ............................................... मिति २०८३-०५-१० गते ............................................................ स्थानमा ........................................ प्रयोजनको लागि रहनुभएको/ जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

संलग्न कागजातहरू

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)

२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।

३. वेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात ।

४. स्वघोषणा।

५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर

६. वेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |

स्वघोषणाको ढाँचा

मितिः............/......./......

श्री वडा अध्यक्षज्यू,

........... वडा समितिको कार्यलय,

.............पालिका

विषयः स्वघोषणा ।

रसुवा भोटेकोशी बाढीमा परी बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला ..............................पालिका ........नं. वडा स्थायी ठेगाना भएका ..................................................को नाति/नातिनी/बुहारी, ......................................को छोरा/छोरी/बुहारी वर्ष .......... को मेरो ...................... नाता पर्ने श्री ........................... मिति २०८३-०५-१० गते ....................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढी बाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक

(नाम र सहिछाप)

| दाँया | बाँया |
| --- | --- |
| | |